मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्िय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १५३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ वैशाख ८ गते विहीवार (Saturday, 20 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## करेन्ट लागेर मृत्यु

**इलाम, वैशाख ७।** इलाममा करेन्ट लागेर एक जनाको ज्यान गएको छ ।

बिद्युतको काम गर्ने क्रममा करेन्ट लागेर इलाम नगरपालिका-५ का ४२ वर्षीय दिलीप कुँवरको शुक्रबार दिउँसो ज्यान गएको प्रहरीले जनाएको छ ।

इलामको सन्दकपुर गाउँपालिका लैजाँदै गरिएको नयाँ विद्युतको पोलमा काम गर्ने इलाम नगरपालिका-८ स्थित महभीर टोलमा कुँवरलाई करेन्ट लागेको थियो ।

घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### कोशी प्रदेश : संकल्प प्रस्ताव पारित

# एक महिनाभित्र विश्वासको मत

**मोरङ, वैशाख ७।** कोशी प्रदेशसभामा बिहीबार पेश भएको संकल्प प्रस्ताव पारित भएको छ । संकल्प प्रस्तावको पक्षामा ५२ जना प्रदेशसभा सदस्य उभिएका छन् ।

कोशी प्रदेशसभामा ध्वनि संकल्प प्रस्ताव पारित भएपछि मत विभाजनको माग हुँदा प्रस्तावको पक्षमा ५२ जना प्रदेशसभा सदस्य उभिएका थिए ।

विपक्षमा भने एक जना पनि उभिएनन् । ध्वनि मतले पारित भएपछि मत विभाजन गर्ने व्यवस्था नभएको भन्दै कांग्रेस र एकीकृत समाजवादीका प्रदेशसभा सदस्य सहभागी भएनन् । तीन जना प्रदेशसभा सदस्य भने तटस्थ रुपमा उभिए । सभाको विशेष अधिवेशनमा नेकपा एमालेको प्रस्ताव र नेकपा माओवादी केन्द्रको समर्थनमा भएको संकल्प प्रस्ताव पारित भएको हो । केदार कार्की नेतृत्वको सरकारबाट बाहिरिएका नेकपा एमाले र नेकपा माओवादी केन्द्रले बिहीबार प्रदेशसभाको 'विशेष' अधिवेशनमा संकल्प प्रस्ताव 'टेवुल' गराएका थिए ।




संकल्प प्रस्तावका प्रस्तावक एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले संसद्मा प्रस्ताव टेबुल गर्दै भने -मुख्यमन्त्री कार्कीले समर्थन गुमाइसकेका कारण राजीनामा दिएर वैकल्पिक सरकार निर्माणका लागि मार्गप्रशस्त गर्नुको विकल्प छैन ।

एमाले-माओवादीले गत चैत २६ मा कार्कीलाई दिएको समर्थन फिर्ता लिँदै माओवादीका तीन मन्त्री पनि बाहिरिएका थिए ।

एमालेका ३९ र माओवादीका १३ सहित ५२ जना सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख पर्शुराम खापुङ कहाँ पुगेर प्रदेशसभाको विशेष अधिवेशनको माग गरेका थिए ।

मुख्यमन्त्री कार्कीले भने संकल्प प्रस्ताव पारित भए पनि पदबाट राजीनामा दिनुपर्छ भन्ने कुनै बाध्यता नभएको भन्दै आएका छन् । उनले मध्यावधि रोक्न आफू मुख्यमन्त्री बनेको बताएका छन् । शुक्रबार जारी कोशी प्रदेशसभा बैठकमा भाग लिँदै उनले यस्तो बताएका हुन् ।

मुख्यमन्त्री बन्नु आफ्नो चाहनाभन्दा बढी बाध्यता रहेको उल्लेख गर्दै उनले भने-मध्यावधिमा जान रोक्नका लागि मुख्यमन्त्री चाहियो भनिएपछि म राजनीतिक जोखिम मोलेर मुख्यमन्त्री बनेको हुँ ।

**एक महिनाभित्र विश्वासको मत**

यसैबीच मुख्यमन्त्री कार्कीले एक महिनाभित्र विश्वासको मत लिनुपर्ने भएको छ । कार्कीलाई हटाउने योजनासहित नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएर संकल्प प्रस्ताव पेश गरेका थिए ।

शुक्रबार बसेको प्रदेशसभाको विशेष बैठकबाट सो प्रस्ताव पारित भएसँगै मुख्यमन्त्री कार्की अल्पमतमा परेका छन् । यसअघि मुख्यमन्त्री कार्कीले प्रदेशसभामा प्रस्ताव फिर्ता लिन आग्रह गरेका थिए ।

## २० वटा सहकारीमाथि अनुसन्धान गर्दै सीआईबी

**झापा, वैशाख ७ ।** प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले २० वटा सहकारीमाथि अनुसन्धान अघि बढाएको छ ।




ब्यूरोले पछिल्लो समय मात्र दुईवटा सहकारी संस्थामाथि अनुसन्धान तीव्र पारेको छ । ललितपुरको पुल्चोकस्थित सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी र काठमाडौंको गौशालास्थित एभोटस सहकारीको ठगी प्रकरणको सीआईवीले अनुसन्धान तीव्र पारेको हो ।

ललितपुरको पुल्चोकस्थित सुमेरु सहकारीले करिब ३५ हजार बचतकर्ताको १० अर्ब रुपैयाँभन्दा बढी रकम हिनामिना गरेको देखिएको छ । सुमेरु सहकारीका अध्यक्ष भरत महर्जन हुन् । उनी हाल फरार छन् । सीआईबीले नेशनल सेन्ट्रल ब्यूरो (एनसीबी) काठमाडौंबाट प्रहरीको अन्तर्राष्ट्रिय अपराध संगठन (इन्टरपोल) मार्फत महर्जनविरुद्ध फेब्रुअरी २ मा 'रेड नोटिस' जारी गरिसकेको छ । तर, उनलाई पक्राउ गर्न सकेको छैन ।

उनी परिवारसहित बेलायतमा रहेको प्रहरीको आशंका छ । त्यस्तै, गौशालास्थित एभोटस सहकारीले पनि करोडौं ठगी गरेको उजुरी सीआईबीमा पुगेको छ ।

सीआईबीले केही दिन अघिमात्रै हाम्रो नयाँ कृषि सहकारी ठगी मुद्दामा सहकारीका अध्यक्ष लीला गुरुङसहित तीन जनालाई पक्राउ गरेको थियो । तर, २ करोड ६० लाख ३८ हजार ठगी गरेको उजुरी परेपछि पक्राउ परेका गुरुङलाई भने सीआईबीले बुधबार छोडेको छ ।

पीडितको रकम तिरेपछि सीआईबीले मुद्दा नचल्ने रायसहित प्रतिवेदन सरकारी वकिल


(बाँकी अन्तिम पृष्ठमा)


## भ्रममा नपर्न मन्त्रालयको आग्रह




**काठमाडौँ, वैशाख ७।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य बीमाबारे भ्रामक विज्ञापन तथा सूचना प्रशारणमा भर नपर्न अनुरोध गरेको छ ।

मन्त्रालयले एक सूचना जारी गर्दै विगत केही दिनदेखि फेसबुकलगायत सामाजिक सञ्जालमार्फत नेपाल सरकारको लोगो प्रयोग गरी स्वास्थ्य बीमाप्रति भ्रामक सूचना फैलाइएको भन्दै त्यसमा कुनै सत्यता नभएको जनाएको हो ।

सूचनामा भनिएको छ -स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा विभिन्न उमेर समूहका लागि निःशुल्क स्वास्थ्य बीमा भनी भ्रामक विज्ञापन तथा सूचनाहरु प्रशारण गरेको पाइएको छ । यस्ता सूचना/विज्ञापनमा कुनै सत्यता नभएकाले यस प्रकारका सूचना/विज्ञापनमा नहेर्नुहुनसमेत सम्पूर्ण सर्वसाधारणमा अनुरोध छ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सामाजिक सञ्जालमा आएका गलत तथा भ्रामक सूचना तथा विज्ञापन प्रशारण गर्नेलाई विद्यमान कानूनअनुसार सम्बन्धित निकाय मार्फत कारबाही प्रक्रिया अघि बढाइ सकिएको जानकारी दिएका छन् ।

उनले सर्वसाधारणलाई पनि भ्रामक सामग्रीको प्रयोग नगरी जानकारीका लागि आधिकारिक निकायमा सम्पर्क गर्न अनुरोध गरेका छन् ।

## चैतसम्म साढे पाँच लाखले लिए श्रम स्वीकृति

**काठमाडौँ, वैशाख ७ ।** चालू आर्थिक वर्षको चैतसम्ममा वैदेशिक रोजगारीमा जान करिब साढे पाँच लाख जनाले श्रम स्वीकृति लिएका छन् ।

चैतमा मात्रै ७० हजार नौ सय ३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा ६४ हजार दुई सय ४१ जना पुरुष र छ हजार छ सय ९२ महिला रहेको वैदेशिक रोजगार विभागका निर्देशक एवम् सूचना अधिकारी कविराज उप्रेतीले जानकारी दिए ।

उनले भने -श्रम स्वीकृति लिनेमध्ये १३ हजार तीन सय ७३ जना अदक्ष अर्थात सिप नभएका, ५१ हजार तीन सय २८ जना सिप भएका, पाँच हजार छ सय ८४ जना अर्धदक्ष, चार सय ८२ जना व्यवसायिक दक्षता र ६६ जना उच्च दक्ष भएका छन् ।

यसैगरी चालू आर्थिक वर्षको साउनमा ५५ हजार पाँच सय ७५, भदौमा ५० हजार आठ सय ८४, असोजमा ५६ हजार दुई सय ३५, कात्तिकमा ४३ हजार छ सय २२, मंसीरमा ७१ हजार दुई सय ७६, पुसमा ६५ हजार आठ सय १३, माघमा ६२ हजार एक सय ४७ र फागुनमा ६५ हजार छ सय ५८ जनाले श्रम स्वीकृति लिएर विदेश गएका विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

विभागको तथ्याङ्क अनुसार चैतमा मात्रै १७ हजार आठ सय १८ जना नेपाली रोजगारीका लागि यूएई पुगेका छन् । सोही महिनामा साउदी अरेबियामा १३ हजार छ सय ४१ जना, कतारमा ११ हजार दुई सय


(बाँकी अन्तिम पृष्ठमा)


## पेस्तोलसहित एक जना पक्राउ

**झापा, वैशाख ७।** गोकर्णेश्वर नगरपालिका-५ नयाँबस्तीस्थित पहेंलो पुलबाट पेस्तोल र गोलीसहित एक जना पक्राउ परेका छन् ।

काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-५ घर भएका ३८ वर्षीय मिमसिंह लामालाई बिहीबार प्रहरीले पेस्तोल र गोलीसहित पक्राउ गरेको हो ।

उनको साथबाट सेमी अटोमेटिक पेस्तोल र चार राउण्ड सोही पेस्तोलको गोली बरामद भएको थियो । उनी गोकर्णेश्वर-६ नयाँबस्ती बस्दै आएका




प्रहरी अनुसन्धानबाट खुलेको छ ।

प्रहरी वृत्त बौद्ध र प्रहरी बिट नयाँबस्तीबाट खटिएको प्रहरीले बा.१८ च ८३६१ नम्बरको स्कारपियो गाडी जाँच गर्ने क्रममा स्कारपियोमा सवार उनलाई उक्त पेस्तोल र गोलीसहित पक्राउ गरेको हो ।








# TEACHER WANTED

**Balmiki Education Foundation** is hiring a passionate and dedicated teachers for the following post:

| Subjects | level | Qualification and Experiences |
|---|---|---|
| Trained Teacher | Pre- Primary- ( 4 ) | Well trained with atleast 2 Years of experience in the field. |
| Maths | Primary -( 2 ) | Bachelor's degree with 2 years of experience in the field. |
| Incharge | Secondary/Lower Secondary -( 1 ) | Bachelor's degree with 2 years of experience in the field. |
| Hostel warden (Male) | ------ ( 1 ) | Bachelor's degree with 2 years of experience in relevant post. |

– Qualified and experience candidate with good command over spoken and written English are encourage to apply for an immediate appointment. Candidates can sent application and CV through mail at **balmikioffice@gmail.com** or can drop application at reception within 10th of Baishak 2081 .
– Only the short listed candidates will be called for the interview.
– Contact Number: 9824069471 (For location only)

# कमलका कृषकलाई प्रोत्साहन अनुदान

उमानाथ भण्डारी




**कमल, वैशाख ७।** झापाको कमल गाउँपालिकाले उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन अनुदान वितरण गरेको छ।

गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि पेशामा संलग्न कृषकलाई उत्पादनका आधारमा प्रोत्साहन अनुदान वितरण गरेको गाउँपालिका कृषि विकास शाखाले जनाएको छ।

कृषकलाई बजारमुखी एक समूह एक सामुहिक तरकारी उत्पादनका आधारमा प्रोत्साहन अनुदान प्रदान गरेको बताइएको छ। जस अन्तर्गत ५ कठ्ठा सम्म खेती गर्ने किसानले प्रति कठ्ठा १ हजारका दरले ५ हजार र सो भन्दा बढी खेती गरेमा प्रति कठ्ठा एक हजार पाँच सयका दरले किसानलाई चेकमार्फत भुक्तानी गरेको गाउँपालिका कृषि विकास शाखाका प्रमुख महेन्द्र बोहोराले जानकारी दिएका छन्।

कृषि विकास शाखामार्फत किसानलाई घटीमा ५ हजार र बढीमा २४ हजार ५ सय रुपैयाँसम्म प्रोत्साहन अनुदान प्रदान गरिएको पालिकाले जनाएको छ। गाउँपालिका ६६ जना कृषकलाई ४ लाख २७ हजार ५ सय रुपैयाँ भुक्तानी गरेको शाखाका प्राविधिक प्रेम पोखेलले जानकारी दिए।

कृषकले उत्पादनका आधारमा पहिलो पटक यसरी रकम पाएका हुन्। आफूले गरेको मेहनतको मूल्याङ्कन भएकोमा आफूलाई निकै खुशी लागेको र यस कार्यक्रमले कृषकलाई प्रोत्साहन हुने कृषक इन्द्रप्रसाद दाहाले बताए।

गत आर्थिक वर्षसम्म पालिकाबाट कृषकले मल बीऊ अनुदान पाउँदै थियौं तर यस आर्थिक वर्षदेखि रकम पाएका छौं, यसले आफू जस्ता कृषकलाई धेरै हौसला मिलेको कृषक सुभद्रा रिजालले बताइन्।

गाउँपालिकाले कृषकको उत्पादनका आधारमा प्रोत्साहन अनुदान वितरण कार्यक्रम ल्याएपछि कृषकमा निकै उत्साह थपिएको छ। यसले व्यवसायिक कृषकलाई पालिकासँग जोड्ने माध्यम समेत बनेको किसानले बताएका छन्।

# भूकम्प पीडित आफैं घर बनाउन थाले

**झापा, वैशाख ७।** भूकम्पले दुई वटा घर भत्किएपछि अस्थायी टहरामा बस्न बाध्य भएका जाजरकोट नलगाड-२ डाँडागाउँका नारायण शर्माले आफ्नै खर्चमा अहिले स्थायी घर बनाएका छन्।

करिब पाँच लाख रुपैयाँ खर्च भएको बताउने उनी सरकारको मुख ताकेर बस्नु भन्दा आफ्नो अनुकूल अवस्था हेरेर आवश्यक घर बनाएको बताउँछन्। अस्थायी टहराभित्र बस्दा गर्मीले पोल्न र हावाहुरीले सताउन थाल्यो। पशु चौपाया र सरसामान राख्ने ठाउँ पनि पुगेन - उनी भन्छन् - वर्षाको समयमा त झनै सास्ती हुने देखेर घर बनाएँ।



भूकम्पले बस्ने घरहरू भत्काएपछि केही दिन पालमा र त्यसपछि अस्थायी टहरामा बसिरहेका उनका गाउँका अरू १५-२० जना गाउँलेहरू पनि अहिले स्थायी घरहरू बनाउन व्यस्त छन्। अस्थायी टहरामा वर्षातको समयमा बस्न कठिन हुने र अन्नपातलगायत सरसामान राख्न पनि समस्या हुने भन्दै भूकम्प पीडितहरू अहिले घर निर्माणमा जुटेका छन्।

जाजरकोटकी भूकम्प पीडित जयन्ती थापाले पनि ऋण गरेरै भए पनि स्थायी प्रकृतिको घर बनाइरहेको बताइन्। भूकम्पमा उनको दुई वटा घर ढलेको थियो। उनी भन्छिन्,-अहिले दुई दुई फुटको फरकमा तार, सरिया, सिमेन्ट र गिटी हालेर पहिलेको भन्दा बलियो र भूकम्पले पनि नढल्ने घर बनाउन लागेका छौं।

सरकारले भूकम्प पीडितलाई अस्थायी टहरा निर्माणको लागि पहिलो किस्ताको रकम दिए पनि दोस्रो किस्ता रकम भने अझै दिएको छैन। स्थायी घर बनाउने पैसा सरकारले कहिले दिन्छ भन्ने टुङ्गो नभएपछि व्यक्तिगत खर्चमै घर बनाउन थालेको भूकम्प पीडितहरू बताउँछन्।

### ऋण लिएर स्थायी घर

अस्थायी टहराको रकम दिन नसक्ने सरकारले स्थायी घर बनाइदेला भनेर भर पर्दा वर्ष दिन बित्न सक्ने भूकम्प पीडित गोरखबहादुर पुन बताउँछन्। स्थायी घर बनाइरहेका उनी भन्छन्, - अस्थायी टहरामा दुःखैदुःख र सास्ती नै सास्ती हुन थाल्यो। वर्षामा त झनै समस्या हुन्छ। सरकारको भर परेर झन् दुःख पाउनु भन्दा बेलैमा घर बनाउनु बेस भन्ने ठानेर घर बनाएँ। सरकारले पैसा दियो भने अर्को घर बनाउँला।

उनीहरूले जस्तै जाजरकोट र रुकुम पश्चिमका सयौं भूकम्प पीडितहरू आफ्नो घर आफैं बनाउन कस्सिएका छन्। कतिले त स्थायी घरहरू समेत निर्माण गरिसकेका छन्। आफन्त र विभिन्न व्यक्तिसँग ऋण सापट लिएर स्थायी घर बनाइरहेका उनीहरू जाडो र गर्मी समयमा भोगेको दुःख र वर्षामा हुने समस्यालाई सम्झेर घर बनाउन बाध्य भएको गुनासो गर्छन्।

अस्थायी टहरा बनाउन सरकारले ५० हजार रुपैयाँ दिने घोषणा गरे पनि अहिलेसम्म २५ हजार रुपैयाँ मात्र पाएका उनीहरूले आफ्नै तरिकाले धमाधम घरहरू बनाइरहेका छन्।

### कस्ता छन् नयाँ घर ?

विभिन्न संघ संस्थाले दिएको तालिममा सिकेको ज्ञान र प्राविधिकहरूको सल्लाह सुझावको आधारमा नयाँ घरहरू बनाइरहेको उनीहरू बताउँछन्। नयाँ घर बनाउँदा भने भूकम्प प्रभावितहरूले अहिले धेरै कुरामा बिचार पुऱ्याएको उनीहरू बताउँछन्। हालै नयाँ घर निर्माण गरेका एक जना भूकम्प पीडित लालबहादुर रावल भन्छन् -भूकम्पले धेरै कुरा सिकायो, पुरानो घर दुई तलाको थियो, अहिले नयाँ घर एक तलाको मात्र बनाएँ।

काठमाडौँ-तराई-मधेश द्रूतमार्ग निर्माण

# भौतिक प्रगति ३३ प्रतिशत

**काठमाडौँ, वैशाख ७।** रक्षामन्त्री हरिप्रसाद उप्रेतीले नेपाली सेनालाई जिम्मेवारी सुम्पिएको काठमाडौँ-तराई-मधेश द्रूतमार्ग सहित चारवटै उत्तर-दक्षिण रणनीतिक सडकको निर्माणमा विनियोजित बजेटअनुरुप शतप्रतिशत नै लक्ष्य हासिल भइरहेको बताएका छन्।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रवारको बैठकमा सदस्यले उठाएका प्रश्नको जवाफमा उनले देशको कठिन भूगोल र दुर्गमस्थानलाई सडक सञ्जाल जोड्ने सरकारको लक्ष्यलाई सेनाले सहयोग पुऱ्याइराखेको बताए। मन्त्री उप्रेतीले भने -सेनाको जनशक्ति तथा उपकरणको उपलब्धताको तुलनामा न्यून बजेट विनियोजन हुँदा क्षमताको पूर्णसदुपयोग हुन सकेको छैन। मुलुकको आर्थिक समृद्धि र रणनीतिक महत्वसँग जोडिएका सडक छिटो सम्पन्न गर्न मन्त्रालयले हरसम्भव समन्वय गरिरहेको छ।

आयोजना निर्माणकार्य समयमा पूरा गरी सर्वसाधारणले छिटो लाभ प्राप्त गर्न सकुन् भन्नेमा मन्त्रालय सजग रहेको बताउँदै उनले खोकना क्षेत्रको जग्गा अधिग्रहण, पूरक वातावरणीय अध्ययन, विष्फोटक पदार्थ र अन्य निर्माण सामग्री व्यवस्थापन चूनौतिकाबीच निर्माणकार्य द्रूतरुपमा अघि बढिरहेको बताए।

प्रधानसेनापति प्रभुराम शर्माले सेनाको व्यवस्थापनमा निर्माणाधीन आयोजना काबुबाहेक निर्धारित समय र तोकिएको बजेटको सीमाभित्र पूरा गर्ने दृढता व्यक्त गरे। उनले भने -केही विधि र प्रक्रियाको कारण बाहेक पूर्वनिर्धारित लक्ष्यअनुरुप नै प्रगति हासिल भाएको छ, काबुबाहिरको परिस्थितिबाहेक आयोजना समयमै पूरा हुन्छ, प्रेरणा दिने र आत्मवल बढाउने काम गरौँ, शंका नगरौँ। पुल र सुरुङ निर्माणलाई गुणस्तरीय तुल्याउन सेना अहोरात्र खटिएको बताउँदै प्रधानसेनापति शर्माले हालसम्म विनियोजित बजेटअनुरुप काम गर्न सफल भएकाले तोकिएको समयसीमा भित्र पूरा हुनेमा विश्वस्त रहेको बताए। करिव ७१ किमी दूरीको काठमाडौँ-तराई-मधेश द्रूतमार्ग (फाष्ट ट्र्याक)का हालसम्म ३३ प्रतिशत भौतिक र वित्तीय प्रगति हासिल भएको सो अवसरमा जानकारी दिइयो।

निर्माणलाई १३ समूहमा विभाजन गरी आयोजना अघि बढाइएकोमा प्रस्थान बिन्दुक्षेत्र खोकनाबाहेक अरु क्षेत्रको काम अघि बढिरहेको जानकारी दिइयो। त्यस मार्गमा बनाइनुपर्ने छ वटा सुरुङमध्ये तीन वटाको निर्माण समग्रमा ७६ प्रतिशत प्रगति हासिल भएको बताइयो।

आयोजनाका लागि हालसम्म ३० हजार ५९१ रुख कटान गरिएकामा एक रुख बराबर २५ का दरले पाँच लाख बिरुवा रोपेर हुर्काउने कामसमेत भइरहेको सेनाको भनाइ छ। केही रुख कटान, केही जग्गा अधिग्रहण, मुआब्जा वितरण लगायतका समस्या भने सुल्झाउन बाँकी नै रहेको जानकारी दिइयो। रक्षा मन्त्रालयका सचिव किरणराज शर्माले राजनीतिक, धार्मिक र सांस्कृतिक लगायतका विभिन्न विषयबस्तुसँग गाँसिएको रणनीतिक महत्वको आयोजनालाई तीव्रगतिमा अघि बढाउन समयमै पर्याप्त बजेटको अभावमा श्रोत, जनशक्ति र उपकरणको पूर्णरुपमा सदुपयोग हुन नसकेको प्रतिक्रिया दिए।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपककुमार खरालले मुलुकको सर्वाधिक प्राथमिकता प्राप्त आयोजना समयमै सम्पन्न गर्ने सेनाको प्रयासमा मन्त्रालयका तर्फबाट हरसम्भव सहयोग र समन्वय भइरहेको विश्वास दिलाए।

सेनाको व्यवस्थापनमा निर्माण भइरहेका रणनीतिक महत्वका चार वटा उत्तर-दक्षिण सडकको समग्र प्रगति भने ८८ प्रतिशत रहेको पनि सो अवसरमा जानकारी दिइयो। भौतिकपूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले मुलुकको रणनीति महत्वको द्रुत मार्गलगायत मन्त्रालयको प्राथमिकतामा रहेको बताए

# इदको शुभकामना आदान प्रदान




रश्मिशेखर सुबेदी

**बिर्तामोड ७ बैशाख।** नेपाल मुस्लिम संघ झापाको आयोजनामा इद पर्वको अवसर पारेर शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अब्दुल सतारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कुरान वाचन मोहम्मद चौधरी मियाले गरेका थिए।

नेपाल मुस्लिम संघ झापाका अध्यक्ष सफिउल्ला अन्सारीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल मुस्लिम संघका केन्द्रीय अध्यक्ष अताबुल मन्सुरी, नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँई, नेपाली कांग्रेस महासमिति सदस्य राधा सुब्बा, मुस्लिम एतिहाद संगठनका केन्द्रीय सचिव अफ्रोज खान, नेपाली कांग्रेस झापाका सदस्य सेलेतुन खातुन, विर्तामोड नगर सभापति भोजराज सिटौला, बिर्तामोड खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष मेघराज बाँस्तोला, उद्योग बाणिज्य संघ विर्तामोडका नव निर्वाचित अध्यक्ष राजु न्यौपाने लगायतले शुभकामना मन्तब्य राखेका थिए।

एजाज अहमद अन्सारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन रेश्मा खातुनले गरेकी थिइन्।

# सुप्रिम सहकारीका अध्यक्षलाई थुनामा पठाउन आदेश

**झापा, वैशाख ७।** सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला अदालत रुपन्देहीले एक जनालाई थुनामा पठाउन र ६ जनालाई धरौटीमा छाड्न आदेश दिएको छ।

शुक्रबार थुनछेक बहसपछि जिल्ला अदालतका न्यायाधीश दीपक उप्रेतीको इजलासले सहकारीका अध्यक्ष ओमप्रकाश




गुरुङलाई थुनामा पठाउने आदेश दिएको हो।

त्यसैगरी पक्राउ परेका पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेशकुमार पुनलाई ४ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको छ। त्यसैगरी दुर्गा चापागाँई पाण्डेसँग १८ लाख, नवीन अछामीसँग १० लाख, दीपक न्यौपानेसँग ४ लाख ४५ हजार, नीता थापा मगर र रोशनी गुरुङसँग २-२ लाख धरौटी माग गरिएको छ।

# इञ्जिनियरिङ पढ्न हलेसी तुवाचुङको एक लाख छात्रवृत्ति

**खोटाङ, वैशाख ७।** हलेसी तुवाचुङ नगरपालिकाले इञ्जिनियरिङ पढ्न दुई जनालाई जनही रु एक लाख प्रदान गरेको छ। पालिकाले छात्रवृत्तिस्वरुप उक्त रकम प्रदान गरेको हो।

नगरपालिकाले वडा नं ४ बडहरेका विकेश सिलवाल र वडा नं ६ मङ्गलटारका हेमन राईलाई उक्त रकम प्रदान गरेको हो। नगर कार्यपालिकाद्वारा पारित छात्रवृत्ति कार्यक्रमअन्तर्गत पहिलोपटक दुई छात्रलाई प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख विमला राईले जानकारी दिइन्।

नगरपालिकाले रोजगार मूलक गुणस्तरीय शिक्षामा जोड दिएको छ। नगरपालिकाभित्रका छात्रछात्रालाई प्राविधिक विषय अध्ययन गर्न प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ- उनले भनिन् - चिकित्साशास्त्र, कृषि तथा पशु विज्ञान, वन तथा वातावरण विज्ञान, इञ्जिनियरिङ र सूचना प्रविधिका विषय गरी पाँच विषयमा उच्च शिक्षा अध्ययन गर्नेलाई छात्रवृत्ति रकम प्रदान गरिने छ।

यसैबीच, हलेसी तुवाचुङ नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर क्रमशः सुधार भएको छ। गत वर्षको परीक्षामा करिब २२ प्रतिशत विद्यार्थीमात्र सबै विषयमा उत्तीर्ण भएकामा यस वर्ष ४० दशमलव ६३ प्रतिशत उत्तीर्ण भएको नगरप्रमुख राईले बताइन्।

गत वर्षदेखि नगरपालिकाले सामुदायिक विद्यालयको परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन व्यवस्थित गर्न थालेको थियो। कक्षा ४ देखि ९ सम्मको वार्षिक परीक्षामा फरक विद्यालयका शिक्षकलाई फरक विद्यालयमा परीक्षा केन्द्राध्यक्ष बनाएर खटाइएको थियो।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाको मातहतमा प्रश्नपत्र बनाउने र उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गर्न शुरु गरिएको थियो।

शैक्षिकसत्र २०८०/०८१ मा कक्षा ४ देखि ९ सम्म नगरपालिकाका सबै सामुदायिक विद्यालयबाट दुई हजार सात सय पाँचजना विद्यार्थी परीक्षामा सहभागी भएका थिए। यसमध्ये एक हजार ९९ विद्यार्थी उत्तीर्ण भएका छन्।

### २० वटा...

कार्यालयमा पेश गरेपछि उनी छुटेका हुन्। तर, उनीविरुद्ध ललितपुरको मीनभवनस्थित कल्याण उपकार सहकारी ठगी प्रकरणमा उजुरी परेपछि पुनः पक्राउ परेका छन्।

सीआइबीले चालू आर्थिक वर्ष कूल सातवटा सहकारीको अनुसन्धान गर्यो। तीमध्ये अनुसन्धानका क्रममा २२ जनालाई पक्राउ गरेको थियो। सीआईबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले अझै पनि सहकारी ठगी प्रकरणको उजुरी निरन्तर आइराखेको बताएका छन्। सरकारले समस्याग्रस्त घोषणा गरेका थप केही सहकारीमाथि समेत उजुरी सीआईबीमा पर्न थालेको प्रवक्ता बोगटीले जानकारी दिएका छन्।

### चैतसम्म ...

४ जना, मलेसियामा १२ हजार छ सय २ जना, कुवेतमा ४ हजार ७६ जना र बहराइनमा नौ सय ६४ जना पुगेको विभागले जनाएको छ।

यसैगरी रोमनियामा दुई हजार दुई सय सय ९९ जना, क्रोएसियामा नौ सय ६० जना, साइप्रसमा सात सय ८१ जना, जापानमा एक हजार तीन सय ५१ जना, माल्दिभ्समा चार सय ९३ जना, मौरिससमा छ सय २० जना र दक्षिण कोरियामा छ सय ५७ जना रोजगारीका लागि गएको बिभागको तथ्याङ्कमा उल्लेख छ।


## कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी झापा कोशी प्रदेश, नेपाल

## सँधियारका नाममा जारी भएको सूचना

*सूचना प्रकाशित मिति : २०८१/०१/०८*

***श्री सरिता शर्मा*** *(पश्चिमतर्फको सँधियार)*

साविक तोपगाँछी गा.वि.स वडा नं ३ हाल कमल गाउँपालिका, वडा नं. २ बस्ने श्री मञ्जुदेवी साहले निजको नाममा दर्ता कायम रहेको जग्गामा निर्माण भएको अर्ध पक्की १ तले भवनको अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको सर्जमिनमा उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३१ को उपदफा (क) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। भवन निर्माणबाट सँधियारलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो प्रमाण सहित यस कार्यपालिकामा निवेदन पेश गर्नुहोला। म्याद भित्र कुनै दाबी विरोध नभए कानून बमोजिम भइजाने व्यहोरा समेत सूचित गरिन्छ।

निम्न

| निवेदक/ठेगाना | कित्ता नं. | क्षेत्रफल | पूर्वको सँधियार | पश्चिमको सँधियार | उत्तरको सँधियार | दक्षिणको सँधियार | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|---|
| मञ्जुदेवी साह कमल गा.पा. वडा नं. ०२ | २२७६ | ०-१-१० | | सरिता शर्मा | | | २०८०/१२/२२ |

## श्री बुद्ध आदर्श माध्यमिक विद्यालय
बुद्धशान्ति -१ बुधवारे, झापा

## विद्यार्थी भर्ना अभियान -२०८१

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

- शैक्षिक सत्र २०८१ बाट बुद्धआदर्श माविले बालविकासदेखि माध्यमिक तह कक्षा १० सम्म नेपाली र अंग्रेजी दुवै माध्यममा निःशुल्क शिक्षा प्रदान गर्ने,
- २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना अभियान तथा स्वागत कार्यक्रम,
  - बालविकासदेखि कक्षा ५ सम्म नयाँ विद्यार्थी भर्ना : मिति २०८१/०१/०३ गतेदेखि
  - कक्षा ६ देखि कक्षा ९ सम्मको प्रवेश फारम वितरण : मिति २०८१/०१/०३ गतेदेखि
  - पहिलो चरणको प्रवेश परीक्षा : मिति २०८१/०१/११ गते दिनको ११ बजे
  - २०८१ वैशाख दोस्रो हप्ता पाठ्यपुस्तक वितरण तथा नियमित कक्षा सञ्चालन,
  - २०८१ वैशाख मसान्तसम्म विद्यालयको सेवाक्षेत्रका अभिभाकहरुसँग घरदैलो कार्यक्रम,
- विद्यालयसँग सम्बन्धित सबै सरोकारवाला अभिभावकहरुलाई विद्यालयले गर्दै गरेका राम्रा अभ्यासका विषयमा टेलिफोन र सामाजिक सञ्जालमार्फत सूचना प्रवाह तथा अभिभावक अन्तरक्रिया कार्यक्रम मासिक रुपमा सञ्चालन ।

### हाम्रा विशेषताहरू
- *स्वच्छ, सुन्दर तथा शान्त वातावरण, फराकिला कक्षाकोठा एवम् उपयुक्त खेलमैदान,*
- *उपकरणसहितको व्यवस्थित विज्ञान प्रयोगशाला, कम्प्युटर कक्ष र विद्युतीय पुस्तकालय,*
- *विद्यार्थीको क्षमता अभिवृद्धि र नेतृत्व विकासका लागि बालक्लब, जुरेस, स्काउट जस्ता संस्था क्रियाशील,*
- *आन्तरिक परीक्षा, पृष्ठपोषण, विद्यार्थीसँग सिकाइ सुधार करार र सुधारात्मक कक्षा शिक्षण,*
- *प्रविधिमा आधारित शिक्षण सिकाइ, इन्टरयाक्टिभ बोर्ड, स्मार्ट बोर्ड र कम्प्युटरको प्रयोग, नियमित रुपमा अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन एवम् सङ्गीत तथा सितोरियो कराँते कक्षाको व्यवस्थापन,*
- *जेहेन्दार तथा उत्कृष्ट विद्यार्थीलाई विभिन्न विधामा छात्रवृत्तिको व्यवस्था ।*
- *आधुनिक सुविधासम्पन्न चमेना गृह, स्वच्छ पिउने पानी तथा व्यवस्थित शौचालय,*
- *विद्यार्थीहरुलाई आवतजावतमा सहजीकरण गर्नका लागि ५० सिट क्षमता भएको स्कुल बस खरिद प्रक्रिया अगाडि बढेको ।*

कृष्णराज भण्डारी (प्रधानाध्यापक) ९८५२६५५०७८

अफिस सम्पर्क नं. ०२३-५५५०७८/५५५०८४






श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पुस्तक समक्षा

# अन्तर्बोधको अन्त:शक्ति

भीम दहाल




**१ उठान**

कवि बिन्दु दहाल 'मूकदर्शक' (२०२३)द्वारा रचित कविता सङ्ग्रह हो- अन्तर्बोध । शिक्षण पेसामा आबद्ध उनी साहित्यिक विधाका कथा, कविता र हाइकु लेखनमा सक्रिय छन् । त्यसमा पनि शास्त्रीय छन्दका कविता रचना चाहिँ उनको सबभन्दा बलियो चिनारी बनेको छ । साहित्य क्षेत्रका विभिन्न संघ-संस्थामा सक्रिय रहेका उनले यसअघि नै पाँच वटा कृतिको रचना प्रकाशन गरेका छन् । तसर्थ यो उनको छैटौँ कोसेली हो । प्रस्तुत कृति मिति २०८०/०८/१६ गतेका दिन दमकमा विमोचित भएको थियो ।

**१.१ संरचनात्मक स्वरूप**

छरितो आकारको प्रस्तुत कृति २९४ पृष्ठको आयाममा संरचित छ । इन्दिरा दहालद्वारा प्रकाशित यस कविता सङ्ग्रहमा कवि बिन्दु दहालको 'मनका कुरा' बाहेक कसैको भूमिका छैन । यसमा दुई सय ८७ वटा कविताहरू संग्रहित छन् । यहाँका हरेक कविताहरू छन्दको संरचनामा बाँधिएर रचना भएका छन् । कृतिमा विशेषत: शास्त्रीय छन्द अन्तर्गत वार्णिक, मात्रिक छन्दको प्रयोग पाइन्छ भने लोकछन्दभित्रको झ्याउरे छन्दलाई पनि कविले समेटेका छन् । मात्रिक छन्दका पादाकुलक, चौबोला छन्दको प्रयोग भएको यस सङ्ग्रहमा वार्णिक छन्दको प्रयोगाधिक्य पाइन्छ ।

कविले यहाँ वार्णिक छन्दको त बाढी नै चलाएका छन् र अधिकाधिक छन्द प्रयोगगत विविधताका दृष्टिले यो कृति एउटा विशिष्ट इतिहास निर्माण गर्न सफल बन्ने निश्चित छ । एउटा कविता सङ्ग्रहभित्र फरक-फरक दुई सय २४ हाराहारीका छन्दको प्रयोग गर्नु भनेको सामान्य चर्चा मात्र गरिने विषय होइन । हरेक छन्दोबद्ध रचनामा कविको कवित्व उत्तिकै ललित्यपूर्ण, गम्भीर, भावमय, सरस र पठनीय बनेर देखा परेको छ ।

कम अक्षरको दुई अक्षरे 'स्त्री' छन्द र बढी अक्षरको अट्ठाइस अक्षरे 'तिलका' जस्तो शास्त्रीय छन्दको प्रयोग यस सङ्ग्रहको उच्चतम प्राप्ति हो । कविले यहाँ समस्यापूर्ति शैलीका ४५/४६ वटा कविता समावेश गरेका छन् भने अन्य कविता समस्यापूर्तिभिन्न छन् । शार्दूलविक्रीडित, मन्दाक्रान्ता आदि केही छन्द दोहोरिए पनि यामिनी, प्रेमाश्रु, इन्द्राणी, विद्रुम जस्ता पुनरावृत्त नभएका छन्दमा अधिक कविताको रचना भएको पाइन्छ । एउटा रोचक कुरा त छन्दोबद्ध रचनाका दौरानमा कविले वार्णिक छन्दभित्र एउटा नयाँ छन्दको आविष्कार गरेका छन् । म, भ, य गण र एउटा गुरु हुने संरचनाको छन्द उनले जन्माएका छन् । यसलाई कविले मौलिक छन्द भनेका छन् तर यसलाई 'बिन्दु' छन्द भनिदिए हुने देखिन्छ । त्यसैले नेपाली कविता परम्परामा छन्दगत विविधता यस कृतिको ऐतिहासिक प्राप्ति हो ।

**१.२ विषय सन्दर्भ**

विषयगत विविधता अन्तर्बोधको चर्चाको अर्को पाटो हो । यहाँ प्रयुक्त विषयगत वैविध्यले समग्र सङ्ग्रहलाई निकै रोचक र फरक स्वादको बनाएको पाइन्छ । विषय सन्दर्भलाई आधार मान्दा कविको झुकाव मूलत: प्रकृति चित्रणमा रहेको देखिन्छ । उनले प्रकृतिलाई आनन्दको स्रोत मान्दै हिमाल, पहाड, तराई, वन, नदी, पशु, पक्षी, जडीबुटी जस्ता सूक्ष्म तथ्यको वस्तुपरक चित्रण गरेका छन् । प्रकृतिको खास वैशिष्ट्यमा आधारित ऋतुवर्णन वसन्त, वर्षा, हेमन्त, शिशिरको चर्चा गर्दै कतै उनको मनमय प्रस्तुति पनि पाइन्छ । यस सङ्ग्रमा देशभक्तिको भावना पनि जीवन्त बनेर आएको छ ।

इतिहास चेतना, वीरताको गौरव गान, युवा पलायनको विरोध, पोशाक सम्मान, छिमेकीप्रति आशंका, झन्डा, प्रकृति, भूगर्भ गौरव, मुलुकको विपत्तिमा चिन्ता, नेपाली जातिप्रति प्रेम, भाषाप्रेम, एकतामा जोड जस्ता पक्षबाट देशभक्तिको धार प्रकट भएको छ । यहाँ कवि दहालले आफ्नो कर्मवादी चिन्तनलाई निकै जोडदार रूपमा उठाएका छन् । आलस्य त्यागी कर्मको पीयूष पिउन आग्रह गर्दै स्वाभिमानी बनेर हरेक नेपालीले कर्मबाटै अग्रगमनको आधार निर्माण गर्नुपर्ने कुरा उनले सङ्केत गरेका छन् । ईश्वर स्तुतिलाई मिथ्या ठान्दै उनले श्रमरूपी कर्मको पसिनामा जीवन फुल्छ भन्ने मान्यतामा भाग्यवादको विरोध र कर्मवादी चेतनाको जागरण गरेका छन् ।

यसै कर्मशील उदात्त चरित्रमा उनले जीवनवादी सोचको सम्प्रेषण गरेका छन् । सामाजिक, राजनीतिक र मानवीय विकृति, विसङ्गतिको विरोध गरिएको यस सङ्ग्रहका कवितामा उनले गरिबप्रति सहानुभूति प्रकट गर्दै कतिपय मानिसका स्वार्थी, घुसखोर र भ्रष्ट चरित्रप्रति कडा व्यङ्ग्य कसेका छन् । सहिदप्रति नतमस्तक बनेका कवि दहाल मातृमहिमा, धर्तीमहिमा, पुस्तकमहिमा, शिक्षामहिमा, कलममहिमा, प्रेम र भाषामहिमा जस्ता महिमा कविताका लागि पनि अब्बल बनेर यहाँ देखा परेका छन् ।

अन्तर्बोधमा मानवीय अन्तर्कलहलाई कविले निकै निन्दा गरेका छन् । बस्ती वियोग, मदिरा प्रभाव, धनसँग जोडिएको स्वार्थान्धता र कुलतको निन्दा गर्दै उनले हरेक मानिसलाई सभ्य समाजको निर्माणमा जुट्न आग्रह गरेका छन् । कविले यहाँ सामाजिक जनजीवनमा व्याप्त शोषण उत्पीडनको सूक्ष्म निरीक्षण त गरेका छन् । तर, शोषणतन्त्रको जालो भेट्ने गरी भित्र पस्न सकेका छैनन् । विद्रोहलाई उच्चता दिन नसके पनि शालीन विद्रोह भने उनका कविता पाइन्छ नै । श्रमिक कवितामा विद्रोहको फिलिङ्गो भेटिन्छ । उनको विद्रोही शैलीलाई जागरणको चेतनाले यहाँ कमजोर बनाएको पाइन्छ ।

यसै सन्दर्भमा उनले सबै शोषित, श्रमिक, किसान वर्गलाई जागृतिका निम्ति आग्रह गरेका छन् । कविले कतै कतै नैराश्य प्रकट गर्दै कुण्ठा, दु:ख र निरुपाय अवस्थाको चित्रण गरेका छन् । उनका कविताको मूल विषय अन्तर्गत मानवतावादी चेतना समेत व्याप्त बनेर आएको छ । उनी मानवहित र मानव कल्याणका निम्ति जागरणको शाब्दिक सहनाई बजाउन आतुर भएको पाइन्छ । कतिपय कवितामा रतिरागात्मक चेतनाको पनि उल्लेख गर्दै प्रेमिल विषयवस्तुलाई कविले निष्ठा साथ अभिव्यक्त गरेका छन् ।

**१.३ अलङ्कार र रस**

अलङ्कार र रस प्रयोगका दृष्टिले यो कृति निकै चर्चायोग्य छ । यहाँ त्यसको सङ्केतसम्म गरिन्छ । यसमा अर्थालङ्कारका व्याजोक्ति, व्याजस्तुति, अर्थापत्ति, सन्देह, समासोक्ति, रूपक, उपमा, काव्यलिङ्ग, र शब्दालङ्कार अन्तर्गत अनुप्रासका विविध स्वरूपको प्रयोग पाइन्छ । रसअन्तर्गत वीर, करुणा, शृङ्गार, रौद्र जस्ता रसको प्रयोग पाइन्छ ।

**१.४ सारसङ्क्षेप**

समग्रतामा कवि बिन्दु दहाल 'मूकदर्शक'को अन्तर्बोध कविता सङ्ग्रह देशभक्ति, प्रकृति चित्रण र कर्मवादको संयोजनले पठनीय छ । यो श्रमप्रति सम्मान र बेथितिप्रति शालीन विमति प्रकट गरिएको कृति हो । छन्दज्ञान र प्रयोग सिक्नेलाई यो कृति ऐतिहासिक दस्तावेज हो । पौराणिक, ऐतिहासिक, सामाजिक र प्राकृतिक स्रोतबाट विम्बप्रतीकको चयन गरिएको यो कृति परिष्कारवादी शैली र आदर्शवादी विचारले सज्जित छ । त्यसो त यहाँ धेरै ठाउँमा यथार्थको गहिरो निरीक्षण पनि पाइन्छ र कतै स्वच्छन्दताको उन्मुक्तता पनि पाइन्छ ।

नैतिक मूल्यमान्यतामा जोड दिइएको यस कृतिमा प्रकृतिको प्रयोग परम्परागत बनेर आएको छ । अर्थात् यहाँ समकालीन पर्यावरणमै     त्री लेखनको प्रयोग हुन सकेको छैन । आधुनिक नेपाली कविता परम्पराको इतिहासमा यसको स्थान छन्दप्रयोगको विचित्रमय विविधताका आलोकमा विषयगत अनेकता र शालीन, सुललित लेखन, सुबोध्य र रुचिपूर्ण आकर्षण जस्ता दृष्टिले उच्च रहन सक्ने निश्चित छ । यसैले कवि बिन्दु यहाँ सिन्धुका रूपमा छचल्किएका छन् । छन्दोबद्ध कविता रचना परम्परामा यो कृति २०८० सालको उच्चतम् प्राप्ति हो ।

कविता

## प्रेमको प्रकोप

मातृका लामिछाने

प्रेम के हो ?
के यो रोग हो ?
भोक या भोग हो ?
के यो आकर्षण हो ?
कि गुरूत्वाकर्षण,
के यो सागरभन्दा गहिरो,
या आकासभन्दा फराकिलो छ ?
के यो बल हो या तागत,
यो समस्या हो या समाधान,
के एक्लोपनको जडि ओखति हो या
अमनचयनको साध्य,
के यो बन्धन हो या सम्बन्धन,
समर्पण हो या आत्मसमपर्ण,
के यो तपस्या हो या तागत,
तृष्णा हो या अभिलाषा,
सेवा, सद्भाव, स्नेह वा दयाभाव
आखिर के हो, प्रेम ?

आत्मीयता, प्रतिबद्धता, लगाव,
अनुभुति या अनुमान
कर्तय हो या नैसर्गिक अधिकार
आखिर के हो प्रेम ?
यो प्राकृतिक हो या मानव-निर्मित
स्वचालित हो या समय सिर्जित
सहकार्य, सन्तुष्टि हो या अरू केहि
ध्यान हो या दिबयज्ञान हो,
के यो प्रशारित हुन्छ ?
साटासाट वा क्रय-विक्रय हुन्छ ?
ऋण-धन, आय ब्यय
दायित्व वा के हो ?

मलाई लाग्छ
यो द्रूतगतिमा फैलिने महामारी झैं
खतरनाक पाण्डामिक प्रकोप हो
हर्मोन नामक आत्मरस मौलाएर
शरीरभर फैलिएपछि
कहिले यसले सुवास छर्छ
त कहिले दुर्गन्ध फैलाइदिन्छ
र विश्वयापी रूपमा दुनियाँलाई
प्रेमको प्रकोले डढेलो झैं सखाप पार्दछ
प्रपिण्डीय चेतनाको रसविज्ञानद्वारा
सञ्चालित र नियन्त्रित हुन्छ
बीजशाष्त्रीय पुरातत्वभित्रको एक बुँद अश्रुगुप्त
अनि आवश्यकताको ध्वनी मिश्रित प्रेरकतत्व
जसले जीवाष्माको खोजी गर्दै उत्तरपिँढीको
पक्षपोषण गर्दछ,
हो त्यो नै हो प्रेम ।
लोभ-लालच, आशा, इच्छा
आग्रह र आकांक्षालाई थाँती राख्दै
मन र मष्तिष्कको बरोबर
सहकार्य र सन्तुलन नै प्रेम हो ।
कहाँ होला, कसरी होला
के होला किन होला
सबै कुरा सबैले सधैँभरि सिकिरहनुपर्छ
पढिरहनुपर्छ, प्रक्रियामा परिरहनुपर्छ
परिवन्दमा पाकिरहनुपर्छ,
तर, एउटै कुरा छ प्रेम, त्यो हो प्रेम ।
जसलाई पढाउनुपर्दैन, बुझाउनुपर्दैन, देखाउनु पर्दैन
आफैं सिक्दछ, देख्दछ, जान्दछ र प्रेम गर्दछ
अनि प्रेमपिण्डको पक्षपोषण गर्दछ र
निसानी चिन्ह प्रदान गर्दछ,
हो त्यो नै हो प्रेम ।

कथा

# आभास

डा. मुक्तराज लामिछाने



तारन्तारको फोन । दश वटा मेसेज ।

मेसेजमा - फोन उठाऊ न प्लिज । जस्ट फर वन मिनेट । जस्ट वान्ट हियर यु ।

अहँ उसले फोन उठाएन । फोनको रिङ्टोन हटायो भाइब्रेसनमा राख्यो । भाइब्रेसन पनि हटायो र मोबाइल ज्याकेटको खल्तीमा राख्यो । बाइक बटाऱ्यो बत्तियो । ज्याकेको खल्तीमा मोबाइलको डिस्प्ले कयौंपटक बले तर उसले न रिङ्टोन सुन्थ्यो न भाइब्रेसन थाहा पाउँथ्यो । तर, मनमा फोन आइरहेछ भन्ने आभास पाइ नै राखेको थियो ।

एक्कासी बाइक मोडियो । त्यै कफी सपतिर । मनले मोडेको होइन, खै कसरी हातले मोडेर कफीसपको पार्किङसम्म डोऱ्यायो । टेबलमा डङ्ग हेलमेट बिसायो । फ्यात्त सोफामा चाबी हुऱ्यायो ।

'काम छैन तेरो' आवेश मिसिएको सामान्यभन्दा चर्को आवाजमा बोल्यो ।

'बल्ल सुन्न पाएँ आवाज'- जवाफ सोफाको अर्को कुनाबाट आयो । मुस्कानसहित फ्याँकेको चाबी हातमा खेलाउँदै ।

'तेरो फोन फुटाइदिम कि औंला काटिदिऊँ' रिसको पारो एक डिग्री अझ बढ्यो । बढेको पारो बोलीको भोल्युमले प्रस्ट हुन्थ्यो ।

'फोन फाल्दे औंला तँलाई छोएर थाकेकै छैन' मुस्कान यथावत् रहेर उनको जवाफ तुरुन्तै आयो ।

'सरप्राइज देको कि के हो ? फोन नउठाई सिँधै आएर, आई नो हाउ मच यु लभ मि' अहिले मुस्कानको पनि पारो बढ्यो हल्का लाडिएको आवाजसहित ।

'किन फोन गरिस् कोइ मऱ्यो र ?' शब्दमा रिस भए पनि हाउभाउमा चाहिँ रिसको पारो कम भएको थियो ।

'उम् मेरो मन' मुस्कानरहित सामान्य भावसहितको उनको जवाफ ।

'किन ?' रिसको पारो लगभग शून्यतर्फ थियो ।

'कफी खाइस् ? खाना खाको कि नाइँ आज ? कतिबेर भयो यहाँ बसेको ? चुरोट त खाइनस् नि ? मेरो कसम खाएर छोडेकी थिइस् फेरि खाइस् भने जानेको छु' उसले सबै कुरा एक श्वासमै सोध्न भ्यायो ।

उनले एक मुस्कानले सबै कुराको जवाफ दिन सकी । उसले मुस्कानको बदलामा अर्को मुस्कान थपि दियो ।

उनले ब्ल्याक कफी मगाई चिनी बिनाको दुई कप । वेटर एक क्षण अकमक्क परे जस्तो गऱ्यो । टेबलको विपरीत तर्फ हेऱ्यो । अचम्म परेर ।

'भाइ ! यहाँ नयाँ हो ?' वेटरलाई सोधी । वेटरले हो को भावमा टाउको हल्लायो उनको अर्डर नोट गऱ्यो र तुरुन्तै अलप भयो ।

उसले अघि साइलेन्समा राखेको मोबाइल ज्याकेटको खल्तीबाट निकाल्ने फुर्सद बल्ल पायो । नोटिफिकेसन थियो ६९ मिस्ड कल फ्रम पागल । मोबाइलको डिस्प्ले उनलाई देखायो अनलक नगरी । उनले जवाफ दिइन्- 'ह्वाऊ ६९ माई फेभरेट ।'

ऊ नहाँसी नमुस्कुराई बस्नै सकेन । मुस्कानको पारो दुबैको ओठमा र खुशीको पारो दुबैको मनमा बराबर डिग्रीमा थियो ।

फेसबुक मेसेन्जरको नोटिफिकेसन घर पुग्ने बित्तिकै ट्वाङट्वाङ लगातार बजेको बज्यै गऱ्यो लगभग १५ पटक । लगातार मेसेज आएको रै'छ । १५ वटा मेसेज मध्य १३ वटा बीचका मेसेजमा आई मिस यु लेखिएको थियो । पहिलोमा हाई लभ र अन्तिममा ओके बाई लेखिएको थियो । पहिलो मेसेज सेभेन फोर्टि थ्रि पि एममा आएको थियो पन्ध्रौं मेसेज सेभेन फिफ्टि फाईभ पि एम मा । उसले मेसेज हेर्दा सवा आठ भएको थियो । पाँच मिनेटपछि रिप्लाई गऱ्यो । मिस यु टु । टक टु यु लेटर ।

'म खाना खाएर कुरा गर्छु ल ? मामु खाना कुर्दै होइसिन्छ' -अर्को मेसेज पठायो । अनि मोबाइल चार्जमा राखेर किचनतर्फ लाग्यो ।

खाना खाएर आउँदासम्म नौ बजिसकेको थियो ।

मेसेज देख्यो- आऊ न प्लिज । राइट नाउ । तुरुन्तै । मिसिङ् लाइक हेल । जस्ट कम ।

'सरि ईट्स टु लेट' -उसले रिप्लाई दियो । फेरि तुरुन्तै लेख्यो । सि यु टुमारो एट कफिसप । मेसेज तुरुन्तै सिन भयो । तुरुन्तै रिप्लाई आयो ।

'नो आई निड यु एट माई बेड राइट नाउ ।'

वाइफाइ अफ गऱ्यो । मोबाइलमा मेसेज आयो । 'आउँदै हो ?'

उसले रिप्लाई दिएन । पाँच मिनटपछि फोन आयो । उसले फोन उठाएन । त्यसपछिको पाँच मिनटमा छ पटक कल आयो । सातौं पटकको फोन उठायो उसले । शुरुमै भन्यो- 'आई कान्ट कम ।'

उनले मुस्कुराउँदै भनी- 'महोदय कमको स्पेलिङ रिभाइज गरेर बुझ ।'

'सि ओ एम ई'

अक्षर छुट्टाछुट्टै गरेर स्पेलिङ लेख्यो र मोबाइल छेउमा राखेर आँखालाई भएभरको बल लगाएर चिम्म गर्ने प्रयास गऱ्यो । मोबाइल भाइब्रेट गऱ्यो । एकछिन हेर्ने हिम्मत पनि आएन । फेरि भाइब्रेट गऱ्यो । बाध्य भएर हेऱ्यो ।

मेसेज थियो- 'आई नो यु क्यान कम बिइङ् केयरफुल बिइङ् युजफुल बिइङ्रु माइन ।'

उसको घरको गेट रातभर खुल्ला बस्यो त्यो दिन अनि उनको घरको गेट राति एघार बजे उसलाई स्वागत गर्दै थियो ।

'आभासको नयाँ फेसबुकमा मलाई किन एड गर्दैन ? म वैतरणी तर्ने हजुरआमाले पनि नाति देख्न हेर्न नपाउने ? सबैको फोन लाग्छ सबैले देख्न पाउँछन् मैले देख्न नपाउने ? खाछ खाछैन । पढ्छ पढ्दैन ? के गऱ्या छ, कस्तो छ, केई देख्न पाको छैन । तिमीहरूको पो साँवा हो मेरो ब्याज नाति सर्लक्क परेको कति उज्यालो कति राम्रो । म बोल्न नपाउने ? मेरो नाति मेरो जुनलाई बेकाम्मा बाहिर पठा । त्यो बिरानो देशमा ।' -उसको हजुरआमा बिहानैदेखि फत्फताउँदै थिइन् ।

'आमा नआत्तिनु न आभास ठिक छ । आभासले पढ्दै छ । आभास राम्रो काम गर्दैछ ।' उसको बाबाले आफ्नी आमालाई ढाडस दिन खोजे । बाबाको मन कम चटारोमा चाहिँ थिएन । तर, पनि आफ्नी आमा अर्थात् आभासको हजुरआमाको मनलाई ढाडस दिन प्रयासरत थिए ।

'मेरो फेसबुकमा नातिको फेसबुक हाल्दाऊ, मै भिडियो कल गर्छु । तिमेर्को त भर लाग्नै छाड्यो ।' हजुरआमाको जिद्दी यथावत् नै थियो । मुहारमा नातिको न्यास्रो यथेष्ट देखिन्थ्यो ।

आभासकी आमाको मुहार मलिन थियो । मुस्कान खोसिएको ओठ काला निला फुस्रा भएका थिए । आँखाका डिलमा खुम्चिएका मुजा काला हुँदै गएको थियो । तौल घटेर आधी ज्यान भैसकेकी थिइन् । मनमा व्यापक खिन्नता थियो डाको छाड्न मात्रै मन लाग्थ्यो । बिचरीलाई डाको छाड्न त के आँशु झार्न पनि बन्द कोठाको आवश्यकता पर्थ्यो । रात परेपछि सुँक्कसुँक्क रोदन बिस्तारै बढ्दै डाँकोमा परिणत हुन्थ्यो । रोदन अन्तिम चरणमा श्रीमान् पनि सामेल हुन्थे । भन्थे- 'के गर्नु बुढी हाम्रो भाग्यै खोटो रै'छ । सम्हालिनु पर्छ रोएर बिलौना गरेर छोरो फर्किंदैन ।' वाक्य सकिन्जेलसम्म उनको गहले आँशुका भेल बहाइसकेको हुन्थ्यो । जोडबल लगाएर मनलाई रोक्थे, तर आँशु रोक्न हत्केलाको पछिल्लो भाग मात्रै सामर्थ्य हुन्थ्यो ।

'सुत भोलि बिहान फेरि आमा कराउनुहुन्छ । नातिलाई फोन गर भन्नुहुन्छ । नातिलाई भेट्छु भन्नुहुन्छ । कसरी भेटाम् कसरी देखाम् । के जवाफ दिम् ।'

आभासको हजुरआमा दुईपटक मुटुको अप्रेसन गरेकी दिनमा नौ थरी ओखतीको भरमा थिइन् । डाक्टरले उनलाई कुनै मानसिक आघात पुग्ने खबर नदिनु तनावबाट मुक्त राख्नु भनेर सल्लाह दिएका थिए ।

आफ्नी बिरामी आमालाई यस्तो विस्मयको खबर कसरी दिने के गरी दिने कतिन्जेल लुकाउने उसको मनमा ठुलै हुण्डरी चलिरहन्छ ।

आभासकी आमा बोल्छिन्- 'बिचरी कृति । उसको बेहाल देख्दा उसको गति देख्दा मन थाम्न गाह्रो हुन्छ ।'

'कैले भेट्यौ ? कस्तो छ अवस्था औषधीले काम कतिको गरिरहेको रहेछ ?'

'तीन दिनअघि आभासको लागि स्मार्ट घडी पठाएकी छे । झगडा भयो रे मेरो तर्फबाट आभासलाई सरि भन्दिनु न है मम्मी भनेकी थिई । उसको फोन मेसेजको क्यै रिप्लाई गर्दैन भन्दै थिई ।'

'मेरो बाबु ! मेरो मुटु ! कसरी उठाओस् फोन कसरी गरोस् मेसेज ।' आमाको भक्कानो फेरि फुट्यो । अब बाउसँग पनि सम्झाउने बुझाउने शब्द र शक्ति दुबै सकिएका थिए ।

वेटर फेरि दिक्क मानेर कृतिलाई हेर्दै थियो । कालो चस्मा टाउकोमा राखेर मस्किँदै क्याफे छिर्दै थिइन् कृति । केही बोल्दै पनि सायद एक्लै होइन आफ्नो छेउमा भएको मान्छेसँग ।

'आज फेरि एक्लै आएर दुईवटा कफी मागेकी छे ? पैसा कति वटाको दिन्छे ?' मेनेजरले जिज्ञासा भाव वेटरलाई सोध्यो ।

'टिप्स पनि दिएर सबै पैसा तिरेर जान्छे ।' वेटरले जवाफ भावमा भन्यो ।

'अनि किन उनको कफी लेट गर्दै छस् ?' मेनेजरले आदेश भावमा भन्यो । त्यो भनेको चार मिनटमा कृतिको टेबलमा दुईवटा कफी र दुईवटा चुरोट टक्राएर वेटर फर्कियो । कृतिको धन्यवादको रिप्लाईमा वेलकम म्याम भन्दै ।

उसले अर्को कफीको कप छुँदा पनि छोइन आफ्नो तर्फ भएको कफी रित्याइ । बिस्तारै आनन्दले चुरोट पनि तानी । बिचबिचमा हाउभाउ देखाई । केहीबेर फिस्स मुस्काई एकछिन पछि गलल्ल हाँसी । निधारमा कहिले गाँठो पर्थ्यो कहिले फेरि गालामा डिम्पल । कैले लाली भरिन्थ्यो गालाभरि मोहनी लागे झैं मडारिन्थी क्याफेको सोफामा ।

कैले आभासले उसको गाला सुमसुम्याउँथ्यो । एकैछिनमा चिमोट्थ्यो । एकछिन आभास मोबाइल हेर्थ्यो । एकछिनमा रिसाउँथ्यो । क्याफेमा भएकाहरूको आँखा छलेर आभासले कृतिलाई चुम्बन गऱ्यो ।

गाला सुमसुम्याउँदा ऊ फिस्स हाँसी । मोबाइल चलाउँदा निधारमा गाँठो पारी । आभास रिसाए झैं गर्दा फकाउन गालाको डिम्पल देखाई । आभासको चुम्बनपछि उसको मुहार पुरै रातो भयो । अझ आभास एकान्तको फाइदामा आफ्ना हत्केला उसका अङ्गहरूका स्पर्शको दौडमा हुँदा उ मडारिन्थी सोफाभरि लत्रक्क पर्थी । आभासको आभास पूरा शरीरभरि म्याराथनमा दौडन्थे । कृति नतमस्तक हुन्थी आभाससँगै कहाँ कहाँ पुग्थी । तर एक्लै । उनको बिमारीले पुऱ्याउँथ्यो । सायद आभासको मायाले वा आभासको अभावले सायद आभास नहुनु नै कृतिको आभास थियो वा आभास आफैमा कृति थियो । कि कृति मात्रै आभास गर्थी । कि आभासले कृतिको मनमा क्यै आभास दिन्थ्यो । आभास वास्तवमा त विदेशमा मरिसकेको थियो । तर, कृतिको बिमारीमा सायद मनमा सायद कफी सपमा मात्रै भए पनि आभास जिन्दा थियो कृतिको लागि ।

कृति कफी सपबाट पैसा आभासले तिर्ने पालो भनेर निस्किई । मेनेजर अक्क न बक्क भयो । वेटरले मेनेजरको मुखमा एकटकले हेऱ्यो । लौ पैसा दिन्छे हैन भनेको भावमा ।

एकछिनमा एम्बुलेन्स कफी सपको पार्किङसम्मै आइपुग्यो । स्ट्रेचरमा हालेर कृतिलाई एम्बुलेन्स चढाइँदै थियो । मेनेजर अचम्मित मान्दै एम्बुलेन्स नियाल्दै थियो । पछाडिबाट आवाज आयो- 'केही खाएकी थिई र ? पैसा तिर्न बाँकी छ ?'

मेनेजरले दुई कफी र दुई चुरोटको बिल दियो । आभासको आमाको मनमा भान आयो- मेरो छोरो कम्तीमा यहाँ कफीसपमा त जिउँदो छ, कृतिको आभासमा त जिउँदो छ ।

उनले बिल तिरिन् अनि मुस्कुराउँदै मेनेजरलाई भनिन्- 'यी नानीलाई कहिल्यै एउटा मात्रै कफी नदिनु ल ।'



**ढकमक्क फुलेको लालीगुराँस** : गुराँसको राजधानी तीनजुरे मिल्के जलजले (टिएमजे) क्षेत्रमा ढकमक्क फुलेको लालीगुराँस । नेपालमा पाइने ३२ प्रजातिका लालीगुराँसमध्ये २८ प्रजातिका लालीगुरास यस क्षेत्रमा पाइन्छ । तस्वीर : रासस

# कर्जा किस्ता बुझाउने सदस्यलाई छुट

**बिर्तामोड, बैशाख ७।** देशकै अग्रणी सहकारीका रुपमा स्थापित नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. ( एनएमसी)ले आफ्ना ऋणी सदस्यहरुका लागि छुट सुविधा लागू गर्ने भएको छ ।

विगतमा कोभिड-१९ महामारी तथा पछिल्लो आर्थिक कारोबारमा संकुचन आई उद्योग, व्यापार र लगानीबाट अपेक्षित आम्दानी हुन नसकी संस्थाको कर्जा बुझाउन अप्ठ्यारोमा परेका सदस्यहरुका लागि यो छुट सुविधा ल्याएको संस्थाले जनाएको छ ।

विगतमा कर्जा उपभोग गरेका सदस्यहरु मध्ये विभिन्न कारणबाट कर्जाको नियमित किस्ता बुझाउन छुट भएका, किस्ता बुझाउने भाखा नाघेका र कर्जा हर्जना समेत गणना भएको अवस्थामा सदस्यहरुलाई कर्जा भुक्तानी गर्न, कर्जालाई नियमित गर्न सहयोग पुग्ने उद्देश्यले यसप्रकारको छुट सुविधा दिइएको संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीले बताए ।

यस छुट सुविधा अन्तर्गत कर्जा उपभोग गरेका सदस्यहरुले आफ्नो भाखा नाघेको कर्जा एकमुष्ठ चुक्ता गर्न चाहेमा ब्याज तथा हर्जानामा २५ प्रतिशत छुट सुविधा प्राप्त गर्नेछन् भने सदस्यले भाखा नाघेको कर्जा चुक्ता नगरी साविकको ब्याज तथा हर्जाना बुझाई कर्जालाई नियमित गर्न चाहेमा हर्जानामा ५० प्रतिशत छुट सुविधा प्राप्त गर्नेछन् ।

संस्थाले चैत १५ गतेदेखि लागू हुने गरी कर्जाका विभिन्न प्रोडक्टहरुलाई ०.४० देखि १.०० प्रतिशतसम्म ब्याजदर कम गरेको थियो ।

संस्थाले सदस्यहरुलाई उद्यमशिलतामा प्रोत्साहन गर्न र व्यापार व्यसाय सञ्चालन गर्न यसै आर्थिक वर्षदेखि १२ प्रतिशत ब्याजदरमा १० लाख रुपैयाँसम्मको लघू कर्जा समेत छिटो र छरितो प्रकृयाबाट लगानी गर्दै आएको छ । संस्थाको हाल बचत तथा ऋण कारोबारतर्फ झापामा ४५ वटा, इलाममा छ वटा र मोरङमा सात वटा सेवाकेन्द्रहरु गरी जम्मा ५८ वटा सेवाकेन्द्रहरु सञ्चालनमा रहेका छन् ।

यसैबीच सहकारी संस्थाहरु मध्ये देशकै स्थापित सहकारी संस्थाको रुपमा परिचित एनएमसी उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० बाट सम्मानित हुने भएको छ ।

# जामुनबारी सामुदायिक वनमा पर्शुराम



**जामुनबारी, बैशाख ७।** जामुनबारी सामुदायिक वन उपभोक्ता समिति तथा जामुनबारी सिमसार पर्यटकीय क्षेत्रको अध्यक्षमा पर्शुराम गिरी निर्वाचित भएका छन् ।

स्वतन्त्र उम्मेदवार रहेका गिरीले पुराना दल एमाले र कांग्रेसका उम्मेदवारलाई पछि पार्दै भारी मतले बिजय हासील गरेका हुन् । बैशाख ६ गते भएको निर्वाचनमा स्वतन्त्र प्यानलबाट गिरी ४३१ मत प्राप्त गरेर बिजयी भएका हुन् । उनका प्रतिद्वन्द्वी कांग्रेसका बुद्धिमान बोहोरा १४२ र एमालेकी सीता अधिकारीले १९२ मत प्राप्त गरेका थिए ।

पुराना दुई दललाई पछि पार्दै स्वतन्त्रबाट उठेका गिरीले सानदार जित हासिल गरेसँगै पुराना दलहरु प्रति मतदातामा वितृष्णा पैदा भएको प्रष्ट झल्किएको छ ।

त्यस्तै स्वतन्त्रबाट उम्मेदवार बनेका दिपक ओली पनि सचिव पदमा बिजयी भएका छन् । उनले पनि २९८ मत पार्दै कांग्रेस र एमालेका उम्मेदवारलाई हराएका हुन् । उनका प्रतिद्वन्द्वी कांग्रेसका यसकुमार अधिकारीले २२१ मत र एमालेका दिपक बोहोराले २१५ मत प्राप्त गरेका थिए ।

त्यस्तै उपाध्यक्षमा भने एमालेका रेनुका खवास बिजयी भइन् । स्वतन्त्रका चन्द्रा बुढाथोकीले २२७ मत प्राप्त गर्दा कांग्रेसका तारा कोइरालाले २२१ मत प्राप्त गरेका थिए ।

कनकाई स्वतन्त्र गणतान्त्रिक समूहका संरक्षक शेरबहादुर थापाले दलहरुप्रति जनतामा छाएको निराशाको कारण स्वतन्त्रको बिजयी भएको बताएका छन् । उनले अब अध्यक्ष र सचिवको जितसँगै सामुदायिक वनको बिकास र समृद्धिका लागि बाटो खुलेको संयोजक थापाले प्रतिक्रिया दिएका छन् ।

# सहाराद्वारा वित्तीय साक्षरता




**मोरङ, बैशाख ७।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था केराबारी सेवा केन्द्रले बाख्रापालन व्यवस्थापन तालिम तथा वित्तीय साक्षरता कार्यक्रम गरेको छ ।

साकोसले मोरङको केराबारी-८ मा रहेका आफना बाख्रा पालनमा आबद्ध शेयर सदस्यको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एकदिने तालिम आयोजना गरेको हो ।

स्थानीय राधाकृष्ण मन्दिरमा सम्पन्न बाख्रापालन व्यवस्थापन तालिम तथा वित्तीय साक्षरता कार्यक्रममा सो क्षेत्रमा रहेका ३७ जना शेयर सदस्यको सहभागिता रहेको सहारा नेपालका अनुगमन अधिकृत महेश तामाङले जानकारी दिए ।

सञ्चालन तथा स्वागत लालबहादुर जोगीले गरेको कार्यक्रममा औचित्य एवम् सहारा नेपालको कृषि कार्यक्रम र उद्यमिशलता विकास अभियान बारे अनुगमन अधिकृत तामाङले स्पष्ट पारेका थिए । सहकारीमा वित्तीय साक्षरताबारे लालबहादुर जोगीले प्रष्ट पारेका थिए ।

त्यस्तै तालिमको सहजीकरण कृषि प्राविधिक सञ्जित यादवले गरेका थिए । कार्यक्रममा नयाँ बर्ष २०८१ को शुभकामना आदान-प्रदानसँगै शेयर सदस्यहरुले सामुहिक नृत्य प्रस्तु गरेर मनोरञ्जन समेत गराएका थिए ।

शेयर सदस्य सिमित्रा सुवेदीको अध्यक्षतामा भएको साकोसका अनुगमन अधिकृत तामाङ, सहारा नेपालका कृषि प्राविधिक सञ्जित यादव, सहारा नेपाल केराबारीबाट निमित्त प्रमुख लालबहादुर जोगी र कर्मचारी नन्दनी सिंह लगायतको उपस्थिति रहेको थियो ।

# झापाली चिप्स आफ्नै भवनमा

**कमल, बैशाख ७।** कमल गाउँपालिकामा सञ्चालनमा रहेको झापाली चिप्स उद्योग आफ्नै भवनमा सरेको छ ।

गाउँपालिकाको वडा नम्बर ६ मा विगत चार वर्षदेखि सञ्चालनमा रहेको उद्योग गत बैशाख ३ गतेदेखि आफ्नै भवनमा सरेको हो ।

स्थानीय स्तरमा उत्पादन भएको आलुलाई प्रशोधन गरी चिप्स उत्पादन गर्दै आएको चिप्स उद्योगले विशेष गरेर आफ्ना पालिकामा उत्पादन भएको आलुलाई पहिलो प्राथमिकतामा राखेर चिप्स उत्पादनमा प्रयोग गर्दै आएको झापाली चिप्स उद्योगका सञ्चालक रिजु कार्कीले जानकारी दिए ।

आफ्ना दौँतरीहरू वैदेशिक रोजगारीमा गए पनि आफूले देशमा नै केही गर्न सकिन्छ भनेर उद्योग सञ्चालन गरेको कार्कीले बताए । उनले आफूले सञ्चलन गरेको चिप्स उद्योगमा १० जना महिलालाई रोजगारी समेत दिएका छन् ।

वैदेशिक रोजगारीमा भएको भए आज कसैको निर्देशनमा काम गरिरहेको हुन्थे, तर आज आफ्नै फ्याक्ट्रीमा १० जनालाई रोजगारी दिन सफल भएको छु भने आफू परिवारका साथ रमाएको कार्की बताउँछन् ।

आफूले सञ्चालन गरेको उद्योगबाट उत्पादन भएको चिप्स पूर्वमा काँकरभिट्टा र पश्चिममा इटहरीसम्मको बजार ओगट्न सफल भएको र आगामी दिनमा अझ बजार बिस्तार गर्ने योजना समेत रहेको कार्कीले बताए ।




# संरक्षणको प्रतिक्षामा निशानदेवी मन्दिर



**सुनसरी, बैशाख ७।** धरान उपमहानगरपालिका वडा नं. ५ निशान डाँडामा रहेको निशानदेवीको मन्दिर संरक्षणको अभावमा जीर्ण भएको छ ।

तत्कालीन पाँच कन्या गाउँ विकास समितिको क्षेत्राधिकारमा रहेको यो मन्दिर सङ्घीयता कार्यान्वयनसँगै धरान उपमहानगरमा गाभिए पनि यसको संरक्षणमा कसैले चासो देखाएका छैनन् ।

मन्दिरका पुजारी विदुर भण्डारीका अनुसार प्राचीन विजयपुर राज्यको निशानका रूपमा मन्दिर स्थापना भएको हो । मन्दिर व्यवस्थापन समितिले संरक्षणमा सहयोग गर्ने समाजसेवीको खोजी गरिरहेको छ । धरानका व्यवसायी अशोक अग्रवालले निशानदेवी मन्दिरको संरक्षणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कोशी प्रदेशको धरान मन्दिरहरुको सहरका रूपमा पनि परिचित छ । धरान उपमहानगपालिका क्षेत्रभित्र बुढासुब्बा, दन्तकाली, पिण्डेश्वर, विष्णुपादुका, पञ्चकन्या मन्दिर, विश्वकर्मा मन्दिर, शनि मन्दिर छन् । यहाँ शिव मन्दिर, राम मन्दिर, कृष्ण मन्दिर, 'इस्कोन' मन्दिर, वैष्णव मन्दिर, बालाजी मन्दिर, बालगोपाल मन्दिर पनि छन् । धरान बजारभन्दा अलि टाढा रहेको निशानदेवी मन्दिर भने संरक्षणको अभावमा जीर्ण बनेको छ ।

निशानदेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष परशुराम बुढाथोकीले आर्थिक अभावमा मन्दिरको संरक्षण कठिन भएको बताउँदै स्थानीय निकाय र भक्तजनमा सहायताका निम्ति आग्रह गरेका छन् । मन्दिरको अविलम्ब जीर्णोद्धार गर्नुपर्ने भएकाले सामाजिक सङ्घ-संस्थालाई उनले भौतिक एवम् आर्थिक सहयोग गर्न आह्वान गरेका छन् ।

## पाथीभरामा मदिरा बिक्री र सेवनमा प्रतिबन्ध



**फुङलिङ, बैशाख ७।** ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रमा मदिरा बिक्री तथा सेवनमा प्रतिबन्ध लगाइएको छ ।

पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक सूचना जारी गरेर काफ्लेपाटी, बलुडाँडा, गुराँसे, माथिल्लो फेदीबजार तथा होटलमा मदिरा बेच्न तथा सेवनमा निषेध गरेको हो । तीर्थयात्रीको सुरक्षा र स्वास्थ्यलाई दृष्टिगत गरी मदिरा निषेध गरिएको जनाइएको छ ।

पाथीभरा क्षेत्रमा मदिराजन्य पदार्थको सेवन, ओसारपसार र बिक्री पूर्णरूपमा निषेध गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षसँग समितिले आग्रह पनि गरेको छ ।

# हनुमान जन्मोत्सवमा निसान शोभायात्रा

**बिर्तामोड, बैशाख ७।** हनुमान जन्मोत्सव अवसरमा बिर्तामोडमा निसान शोभा यात्रा हुने भएको छ ।

यही बैशाख १० गते बिहान ९ बजेबाट बिर्तामोडस्थित बालाजी मन्दिरबाट निसान शोभा यात्रा शुरु भई मुक्तिचोक, पूर्व बस स्टाण्ड, भद्रपुर बस स्टप, अदुवा पुल ,पुनः मुक्ति चोक हुँदै बालाजी मन्दिरमा पुग्ने कार्यतालिका रहेको बालाजी मन्दिरका संयोजक नवीन गोयलले जानकारी दिए ।

हनुमान जन्मोत्सवको अवसरमा प्रत्येक वर्ष कार्यक्रम गरिँदै आएको गोयलले जानकारी दिए । त्यस्तै १० गते साँझ ८ बजेदेखि भारतको कलकताबाट आउने भजन गायिका पूजा नथानीद्वारा भजन प्रस्तुति हुने र ८ बजेपछि भण्डारा प्रसाद वितरण हुने जनाइएको छ ।

त्यस्तै ११ गते पाठ तथा भोग




महाप्रसाद एवम् भण्डारा कार्यक्रम गरिने जनाइएको छ ।

११ गते बिहान ७ बजेदेखि गणेश पुजन, चोला स्नान सवामणि, छप्पन भोग, सुन्दरकाण्ड, हनुमान चालीसा तथा हवन लगायतका कार्यक्रम गरिने छ ।

त्यस्तै सोही दिन साँझ ७ बजेदेखि भारतको कठिहारबाट पाल्ने प्रख्यात गायक आदर्श दाधिचद्वारा भजन प्रस्तुती र त्यस पश्चात भण्डारा प्रसाद वितरण गरिने जनाइएको छ ।

निसान शोभा यात्रामा चार सय बढी सहभागी हुने आयोजकले अपेक्षा गरेका छन् । कार्यक्रममा सहभागी हुन सबै धर्मावलम्बीहरु समक्ष आयोजकले आग्रह गरेका छन् ।

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*




**सम्पर्क** : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

उच्च गुणस्तर सुलभ मूल्य

**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क** :
९८०४९५४४००, ९८६६२४२४६६
**अर्जुनधारा नगरपालिका- ४, झापा**

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) सन्तोष | जीवन कार्की |
| --- | --- | --- |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **बैशाख ८ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,**
**कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा**
**(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८१४०३२६६२**



**ज्यो. पं. खेमप्रसाद पौडेल**
**फोन सम्पर्क ९८५११५४६९९**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ , मन हर्षित हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** -
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** -
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** -
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ, ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** -
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।